10.3126/voh.v31i1.53796

# लाहुरेलाई दिइने पतिया सम्बन्धी एक पुर्जी

**-डा.तिलु थापा (श्रेष्ठ)**
**उप-प्राध्यापक, इतिहास केन्द्रीय विभाग,**
**त्रि.वि., कीर्तिपुर ।**

## सार

*नेपाल र इष्ट इण्डिया कम्पनी बीच भएको युद्धमा गोरखाली सेनाहरुले देखाएको विरता र बहादुरीबाट प्रभावित अंग्रेजले उनीहरुलाई भारत स्थित ब्रिटिश सेनामा भर्ती गर्न थाले । नेपाल सरकारबाट भने आफ्ना जवानहरुलाई विदेशी पल्टनमा भर्ती हुन जाने अनुमति थिएन । राणा शासनको उदय पश्चात राणा प्रधान मन्त्रीहरुले अंग्रेजसँगको सम्बन्धलाई प्रगाढ बनाउँदै लगे । जसको परिणाम चन्द्र शमशेरले प्रथम विश्वयुद्धको समयमा अंग्रेजको सहयोगबाट गोरखाली सैन्य जवानहरुलाई मात्र हैन नेपाल अधिराज्य भरिका यूवकहरुलाई भारतस्थित ब्रिटिश सेनामा भर्ती भएर युद्धको लागि समुद्र पार म्लेच्छ मुलुकमा जान सक्ने पनि अनुमति दिए । युद्ध भूमिबाट फर्केपछि भने उनीहरुलाई पतिया गरी शुद्ध हुन निजकै नाममा धर्माधिकारबाट पतिया पुर्जी दिने व्यवस्था गरे । यिनै विषयहरुलाई प्रस्तुत लेखमा मौलिक स्रोत र द्वितीय स्रोतको प्रयोग गरिप्रकाश पार्ने प्रयास गरिएको छ । मुलतः यो गुणात्मक अध्ययनहो ।*

*राणाकालीन समाजमा विद्यमान भातपानी, छुवाछुत र पतिया वा प्रायश्चित परम्परा आदि विषयमा चर्चा गरिएको प्रस्तुत लेखमा तत्कालीन समाजको चित्रण गरिएको छ ।*

***सूचक शब्द :*** *पतिया, म्लेच्छ मुलुक, पञ्चगव्य, पूर्जी, रंगरुट*

## पृष्ठभूमि

इ.सं. १८१४-१६ मा नेपाल र इष्ट इण्डिया कम्पनी बीच युद्ध भयो । जुन नेपाल-अंग्रेज युद्धको नामबाट प्रख्यात छ। उक्त युद्धमा सीमित स्रोत र साधनको बाबजुध गोरखाली सेनाले स्रोत र साधनबाट सम्पन्न अंग्रेज सेनासँग मुकाबिला गरेर गोरखालीको वीरता, बहादुरी र अनुशासन देखाएका थिए । गोरखाली सेनाहरुको यस्ता बहुआयामिक गुणहरुबाट जनरल अक्टरलोनी प्रभावित भए । उनले गोरखाली सेनाका जवानहरुलाई तत्कालीन हिन्दुस्तानी सेनामा भर्ती गर्न सकिने सर्त समावेश गरी युद्धरत समयमा नै पश्चिमी क्षेत्रका नेपाली सेनाध्यक्ष अमरसिंह थापासँग १५ मई १८१५ मा एक सम्झौता गरेका थिए (शर्मा, वैद्य र मानन्धर, २०४९, पृ. २८८) । सम्झौता अनुसार युद्ध पूर्ण रुपमा समाप्त हुनु अगावै अंग्रेजले युद्धबाट भागेका गोरखाली सेनाका जवानहरु ४६५० जनालाई अंग्रेजी सेनामा भर्ती गरी तीन वटालियन खडा गरेका थिए (Ramakanta, 1969 A.D, p. 269) ।

युद्ध समाप्त हुनु अगावै गोरखाली सेनाका जवानहरु भारत स्थित ब्रिटिश सेनामा भर्ती हुने क्रम सुरु भैसकेको थियो । ४ मार्च १८१६ मा नेपाल र अंग्रेजबीच सुगौलीको सन्धि भयो (शर्मा, २००८, पृ. २७५) । यस सन्धिले युद्धको अन्त्य सँगै नेपालको करिब करिब भौगोलिक सिमाङ्कन पनि गरिदियो । त्यसपछि नेपाल र अंग्रेजबीच सम्बन्धको भावी आधारहरु स्थापना भए । तर नेपाल सरकारले अंग्रेजलाई हेर्ने दृष्टिकोण सकरात्मक रहेन । यस्तो अवस्थामा पनि ढाक्रे भएका नेपाली सेनाका जवानहरु अंग्रेजी सेनामा भर्ती हुने क्रम भने निरन्तर नै थियो । त्यसो त नेपाल स्थित तत्कालीन ब्रिटिश रेजिडेन्ट ब्रेन हडसनले पनि नेपाल अंग्रेज युद्धमा गोरखाली सैन्य जवानहरुको सहास र बहादुरीबाट प्रभावित भएर उनीहरुलाई ब्रिटिश सेनामा भर्ती गर्नु पर्ने सुझाव आफ्नो सरकार समक्ष दिएका थिए (नेपाली, २०२१, पृ. ६) ।

गोरखाली सैन्य जवानहरु भारत स्थित ब्रिटिश सेनामा मात्र भर्ती भएनन्, पञ्जावकेशरी रणजित सिंहको फौजमा पनि भर्ती भएर लाहोर (हाल पाकिस्तान) पुगे । त्यसै समय देखि विदेशी सेनामा भर्ती हुनेलाई लाहुरे भन्न थालिएको पाइन्छ । रणजित सिंह पनि नेपाल-अंग्रेज युद्धमा गोरखाली सैन्य जवानहरुको बहादुरी र वीरताबाट प्रभावित भएका थिए । पंजाव गएर उनको पल्टनमा भर्ती हुने गोरखाली सैन्य जवानहरुमा सेनानायक अमरसिंह थापाका छोराहरु अर्जुन नरसिंह थापा, भूपाल सिंह थापा र नाती (छोरीको छोरा) बलभद्र कुँवर (नालापानी युद्धका चर्चित योद्धा) मुख्य थिए ( पन्त, २०२२, पृ. ६३-७०) ।

नेपाल सरकारको नीतिको कारण अंग्रेजले चाहे अनुसार गोरखाली जवानहरुलाई भर्ती गर्न सकेन । त्यसैले अंग्रेज नेपालमा अनुकूल परिस्थितिको पर्खाइमा थियो । भिमसेन थापाको पतनपछि नेपालमा राजनैतिक अस्थिरता देखा पर्‍यो जसको परिणाम १४ सेप्टेम्वर, १८४६ मा भएको कोतपर्वबाट जंगबहादुर राणाको उदय भयो । त्यसपछि भने अंग्रेज आफ्नो चाहाना अनुरुप गोरखाली जवानहरुलाई सजिलैसँग भारत स्थित ब्रिटिश सेना भर्ती गर्न पाउनेमा ढुक्क भयो । तर जंग बहादुर अन्य कुरामा अंग्रेजलाई साथ सहयोग गर्न कटिबद्ध रहे पनि नेपाली सैन्य जवानहरुलाई अंग्रेजी सेनामा भर्ती पठाउन अनिच्छुक रहे (शर्मा, वैद्य र मानन्धर, २०४९, पृ. २३३) । जंग बहादुरको मृत्युपछि प्रधानमन्त्री बनेका रणोद्धिप सिंहले वीर शमशेरको दवावमा परेर गभर्नर-जनरल लर्ड डफरिनको नेपाल भित्र अंग्रेजी पल्टनको लागि सैनिक भर्नाको सुविधाको मागलाई स्वीकृत दिए (शर्मा, २००८, पृ. ३४७) । गोत्रहत्या पछि सत्तामा पुगेका वीर शमशेरले आफ्नो शासन सत्तालाई मान्यता पाउन र शक्ति बलियो बनाउनका लागि नेपाली जवानहरुलाई ब्रिटिश सेनामा भर्ती पठाउन उदार देखिए । उनको समयदेखि नेपाली टोलीहरुद्वारा नै अधिराज्य भरिबाट ब्रिटिश गोरखा बटालियनका लागि नेपाली रंगरुट बटुल्न थालियो । उक्त नेपाली जवानहरुलाई भारतीय ब्रिटिश वटालियनमा भर्ती हुन प्रोत्साहन र सुविधा दिने प्रचलन पनि विर शमशेरकै समय देखि सुरु भयो (शर्मा, वैद्य र मानन्धर, २०४९, पृ. २४२) ।

चन्द्र शमशेर नेपालको प्रधानमन्त्री भएपछि नेपाली जवानहरुलाई ब्रिटिश सेनामा भर्ती हुन कुनै रोक तोक रहेन । उनको समयमा भएको प्रथम विश्वयुद्धमा भारत स्थित ब्रिटिश सेनामा प्रवेश गरेको करिब ५० लाख एक हजार सैनिक मध्ये ५६ हजार त नेपाली थिए । यस बाहेक बर्मा, आसामका मिलिटरी पुलिस वटालियनहरुमा पनि नेपाली जवानहरु भर्ती भएका थिए (शर्मा, बैद्य र मानन्धर, २०४९, पृ. २५०) ।

## पूर्वकार्यको समीक्षा

हिन्दु धर्ममा आधारित नेपाली समाजमा धर्मलाई केन्द्र बिन्दुमा राखेर सामाजिक मूल्य र मान्यताहरु तोकिएको पाइन्छ । यस्ता मूल्य र मान्यता भित्र पर्नेजातीय छुवाछुत, दण्डसजाय आदि विषयमा विभिन्न लेख रचनाहरु प्रकाशित छन् ।

आधुनिक नेपालको सामाजिक इतिहास (खत्री र दाहाल, २०५३) मा नेपाली समाजमा विद्यमान समाज वर्गीकरणका आधार, जात अनुसारको सामाजिक मूल्य र मान्यता, सांस्कृतिक जीवन र समाजमा प्रचलित कुरीति, भातपानी छुवाछुत र प्रायश्चित आदि विषयको चर्चा गरिएको छ ।

भातपानी छुवाछुतमा तल्लो जात र माथिल्लो जात बीचको विवादको कुरा छ। यसमा दोषी मानिएको व्यक्तिलाई सजाय दिने वा पतिया गरेर शुद्ध गराउने भनी छानविन गरी निष्कर्ष निकाल्ने कुरा पुस्तकमा उल्लेख छ । पतियाको तरिका पनि संक्षेपमा उल्लेख छ तर लाहुरेलाई दिइने पतिया सम्बन्धी चर्चा भने पुस्तकमा गरिएको छैन ।

त्यसै गरी नेपालको सैनिक इतिहास (शर्मा, वैद्य र मानन्धर,२०४९) मा विदेशी सेनामा नेपाली जवानहरु भर्ती हुने परम्परा, प्रथम र द्वितीय विश्वयुद्धमा नेपाली जवानहरुलाई समावेश गर्न राणा प्रधानमन्त्रीहरुले खेलेको भूमिका आदि विषयमा पुस्तकमा चर्चा गरिएको छ । तर समाजमा विद्यमान जातभात, छुवाछुत, पतिया परम्पराको विषयलाई भने पुस्तकमा समावेश गरिएको छैन ।

त्यस्तै जंगबहादुरको बेलायत यात्रा (दीक्षित २०४७) मा जंगबहादुर बेलायत जानुको उद्देश्य देखि लिएर बेलायतमा उनले गरेको गतिविधि, उनलाई दिइएको सम्मान आदि विषय बारे उल्लेख गरिएको छ। पुस्तकबाट जंगबहादुर हिन्दू धर्मको कट्टर अनुयायी थिए भन्ने प्रष्ट हुन्छ । तत्कालीन समाजमा विद्यमान पतिया परम्पराको विस्तृत जानकारी पुस्तकमा उल्लेख छैन ।

त्यसैगरी अन्य पुस्तक, जर्नल, लेख तथा रचनाहरुमा पनि समाजमा विद्यमान पतिया परम्परा र त्यसको एउटा रुप, लाहुरेलाई दिइने पतिया पूर्जीको विषयमा विस्तृत अध्ययन अनुसन्धान भएको पाईदैन । त्यसैले प्रस्तुत लेखमा यस विषयको विस्तृत जानकारी दिन खोजिएको छ ।

प्रस्तुत लेखमा निम्न उद्देश्यहरु राखिएका छन् :

(क) ब्रिटिश भारतीय सेनामा नेपाली सैन्य जवानको भर्ती सम्बन्धी प्रकाश पार्नु

(ख) नेपाली समाजमा विद्यमान पतिया परम्परा र लाहुरेलाई दिने पतिया पूर्जी सम्बन्धी अध्ययन गर्नु

**अनुसन्धान विधि**

कुनै पनि विषयवस्तुलाई तथ्यहरुमा आधारित रहेर क्रमबद्ध तथा व्यवस्थित तरिकाले अनुसन्धान गरी नयाँ कुरा पत्ता लगाई जानकारीमा ल्याउने कार्यलाई अनुसन्धान भनिन्छ। अनुसन्धान गर्न अपनाइने पद्धति अनुसन्धान विधि हो।

राणाकालीन समाजको धार्मिक कट्टरता र पतिया परम्परा सम्बन्धित रहेको प्रस्तुत लेख ऐतिहासिक अध्ययन भएको हुनाले यसमा अन्वेषणात्मक, वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा आधारित रहेर तयार गरिएको छ। त्यसैले यो गुणात्मक अध्ययन ढाँचा (Qualitative Research Design) हो भने अनुसन्धानको यस पद्धती आगमन विधि(Inductive Approach)मा आधारित छ।

यस लेखमा प्राथमिक तथा मौलिक स्रोत र द्वितीय स्रोत गरी दुईवटै स्रोतको प्रयोग गरिएको छ। प्राथमिक तथा मौलिक स्रोतकोरुपमा तनहुँसुर चण्डेनीसुर निवासी नरध्वज थापाको संग्रहमा रहेको अप्रकाशित दस्तावेज पतिया पूर्जीलाई लिइएको छ। त्यसैगरी द्वितीय स्रोतमा पुस्तक, जर्नल, ऐन, पत्रपत्रिका आदि लिइएको छ। यसको प्रस्तुतीकरण वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक तरिका अपनाइएको छ। यो लेखAPA ढाँचामा (American Psychological Association)शैलीमा गरिएको छ। लेखमा पादटिप्पणी र सन्दर्भ सामग्रीहरुलाई गर्भे टिप्पणी (Parenthetical note)मा संकेत गरिएको छ।

**हिन्दु धर्ममा आधारित समाज**

नेपाल प्राचीनकाल देखि नै हिन्दु राज्यको रुपमा विकसित भए पनि यहाँ हिन्दु र गैर हिन्दुको बसोबास रहँदै आएको थियो। हिन्दुहरुमा पनि चार जात छत्तिस वर्णको परम्परा रहँदै आएको थियो। सबै वर्ण जातिहरुमा आ-आफ्नै मूल्य र मान्यताहरु थिए र हालसम्म पनि छन्। राणाकालको कुरा गर्नुपर्दा तिनताका भात पानीको छुवाछुत ज्यादै कडाईका साथ पालना हुन्थ्यो। प्रधानमन्त्री जंगबहादुर बेलायत यात्रामा रहेको समयमा उनले देखाएको व्यवहारबाट त्यस समयको धार्मिक कट्टरतालाई उजागर गर्दछ। जंग बहादुर १५ जनवरी, १८५० मा बेलायत यात्राका लागि काठमाडौंबाट प्रस्थान गरे। उनी बेलायत भ्रमणमा जाँदा नेपाल सरकार प्रमुखको हैसियतबाट नभई नेपालका राजाको तर्फबाट पठाइएका असामान्य राजदुतका हैसियतमा गएका थिए। सिधै बेलायतकी महारानीसँग सम्बन्ध राख्नु, सुगौली सन्धीका सातौं धारा संशोधन गर्नु, ब्रिटेनको सामाजिक, आर्थिक, भौगोलिक, राजनीतिक र सैनिक गतिविधिको अध्ययन गर्नु जंगबहादुरको बेलायत यात्राका प्रमुख उद्देश्य रहेको पाइन्छ।

कट्टर हिन्दु धर्मावलम्बी भएकाले जंगबहादुरले आफूले यात्रा गरेका पानी जहाजमा क्रिश्चियनहरुसँग छोइछिटो नगरी अलग्गै भान्साको व्यवस्था गरेका थिए। उनले यात्रा दलका सहभागीहरुलाई खाँदा कसैलाई हेर्न दिँदैनथे। पानी

कसैलाई छुन दिँदैनथे । मेवा, तरकारी, फलफूल भण्डार गर्दा कसैसँग छोइन्छ की भनेर सतर्क रहन्थे (दीक्षित, २०४७, पृ. ७) । यति सम्म की गाई पनि आफै दुहन्थे (Rana, 1980 A.D., p. 121)। तर उनले यात्रा भरी आफ्ना सहयात्रीहरुलाई मिठो बोलेर र अनेक क्रियाकलापहरु गरेर मोहित पार्दथे (दीक्षित, २०४७, पृ. ७-८) ।

२५ मई १८५० मा जंग बहादुर बेलायत पुगेका थिए र उनका भ्रमण दललाई बेलायतको साउथह्याम्पटन बन्दरगाहाको होटलमा बस्ने व्यवस्था गरिएकोमा उनले पुरै होटल आफूहरुलाई दिनुपर्ने अडान लिए । धार्मिक कट्टरताका कारण क्रिश्चियनहरुलाई पकाएको खानासँग लसपस हुन सक्ला भनेर उनले विरोध गरेका थिए । अन्नतः त्यहाँ बसुन्जेल जंग बहादुरको दलका लागि छुट्टै खाना पकाउने र सुत्ने व्यवस्था गरिएको थियो । जंग बहादुर र उनका भ्रमण दलको सम्मानको लागि ८ जुन, १९५० मा भव्य रात्री भोजको आयोजना गरिएको थियो । समारोहमा महारानी भिक्टोरियाको पनि उपस्थिति थियो । जंग बहादुरले त्यहाँ महारानीको सुस्वास्थ्यको कामना गरी भाषण गरे । उनीहरुको सम्मानका लागि राखिएको रात्री भोजमा उनीहरुले केही पनि खाएनन् मात्र भोज कोठाको झकिझकाउ दृश्य हेरेर मात्र फर्किए ( दीक्षित, २०४७, पृ. ५४) । यसबाट जंग बहादुर धार्मिक कट्टरता थिए भन्ने देखिन्छ ।

तत्कालीन समाजमा कसैलाई पनि सामाजिक मान्यताहरु विपरित चल्ने अनुमति थिएन । माथिल्लो जातका मानिसले जानी वा नजानी तल्लो जातका मानिससँग भात पानी सम्बन्धी छुवाछुत गरेमा उसले सजाय भोग्नु पर्दथ्यो। उदाहरणको लागि काशीराम खत्री नाम गरेको व्यक्तिले जानी जानीकन कामी चमारले छोएको भात पानी खाएकोले उसलाई कडा दण्ड दिइएको थियो (खत्री र दाहाल, २०५३, पृ. ९०) ।

**पतिया परम्परा**

पतिया भनेको जातभातबाट पतित भएका व्यक्तिले आफ्नो जातमा पुनस्थापित हुनको लागि धर्माधिकारीका निर्देशन अनुसार गर्ने शुद्धि वा प्रायश्चित हो (पराजुली, (सम्पा), २०७२, पृ. ७२६) । तत्कालीन समाज कट्टर हिन्दुसमाज भएकोले जातीय परम्परा भन्दा बाहिर गएर केही कार्य गरेमा दण्ड सजायको भागीदार हुनुपर्दथ्यो । यदि तल्लो जात हो भन्ने जानी जानी वा थाहा नपाइकन माथिल्लो जातका व्यक्तिले उसको हातबाट भात पानी चलाएको र माथिल्लो जात हो भन्ने थाहा हुँदा हुँदै वा आफ्नो जात लुकाई भातपानी चलाएर अरुलाई अशुद्ध बनाएको छ भने दोषीलाई सजाय दिने वा पतिया दिने दुई प्रकारको व्यवस्था थियो । जानी जानी त्यस्तो अपराध गर्नेलाई सजायको व्यवस्था थियो भने अज्ञानतावश त्यस्तो अपराध हुन गएमा पतिया प्रायश्चित लिन पाउने व्यवस्था थियो । पतित मानिएका व्यक्तिले धर्माधिकारी मार्फत पतिया पाएर ब्राह्मणलाई भोजन गराए पछि बल्ल आफ्नो जातमा सामेल हुन पाउँदथ्यो (खत्री र दाहाल, २०५३, पृ. ९०-९१) । यसरी पतिया दिँदा जानी जानी गरिएको हो वा अज्ञानतावश गरिएको हो छानविन गरेर मात्र दिने वा नदिने निर्णय गरिन्थ्यो । जानी जानी गरेको अपराधमा भने राजाबाट गर भन्ने आदेश आयो भने मात्र धर्माधिकारीबाट पतिया गराउन पाउँदथ्यो नत्र सजायको भागिदार हुनुपर्दथ्यो (श्री ५ को सरकार तथा न्याय मन्त्रालय, २०२२) ।

तत्कालीन समयमा समुद्र नाघेर जानु भनेको धार्मिक मान्यता विपरित हुन्थ्यो, उसलाई अशुद्ध मानिन्थ्यो र जातिच्यूत पनि हुन सक्दथ्यो । क्रिश्चियन, मुसलमानहरुसँग हात मात्रै मिलाउँदा पनि नुहाइधुवाई गरेर गंगाजलछर्कनुपर्दथ्यो
(पाण्डे,२०६१,पृ.८१) । यस्तो प्रचलन नेपाली समाजमा पछिसम्म पनि देखिन्थ्यो ।

प्रधानमन्त्री जंगबहादुर पनि यूरोप भ्रमण गरेर फर्किदा भारतको तीर्थस्थलहरुको दर्शन गरेर पतिया (प्रायश्चित) गरी नेपाल आएका थिए । त्यसो त उनी यूरोप जाने समयमा समुद्र नाघेर गएपछि धार्मिक मान्यता अनुसार अशुद्ध मानिन्छ, जात जान्छ भनी कट्टर धार्मिक पण्डितहरुले रोक्ने प्रयास गरेका थिए (Rana,1980 A.D.,p.153)।

एकातिर कट्टर धार्मिक मूल्य र मान्यतामा आधारित तत्कालीन समाज थियो भने अर्कोतिर प्रथम विश्वयुद्धको समयमा आफ्नो मित्रको रुपमा रहेको ब्रिटिश सरकारलाई सैन्य सहयोग गर्नुपर्ने चुनौती चन्द्र शमशेरलाई थियो । उनले अंग्रेजलाई सैन्य सहयोग गर्ने निर्णय लिए । त्यसका लागि उनले तालिम प्राप्त आफ्ना सेनाका जवानहरुलाई पनि ब्रिटिश सरकारको पक्षमा युद्ध लड्न भारत पठाएका थिए (London, 2001 A.D., pp. 138-145)। चन्द्र शमशेरले आफ्ना छोराहरु बबर शमशेरको नेतृत्वमा ७,५०० सेनाको दुई दल र केशर शमशेरको नेतृत्वमा तीन दल फौज गरी १६,५४४ तालिम प्राप्त सैनिक जवानहरु अंग्रेजको सहयोगको लागि पठाएका थिए (शर्मा, २००८, पृ. ३५६) । त्यस बाहेक अधिराज्य भरि १० वटा केन्द्र खोलेर रंगरुट जम्मा गरेका थिए । उनले रंगरुट भर्ती गर्न ल्याउने वा जम्मा गर्न सघाउने मुखियाहरुलाई नगद पुरस्कार पनि दिन्थे । मुलुकको प्रधान मन्त्रिबाट नै यस किसिमको हौसला प्राप्त भए पछि मुखियाहरुले आफ्ना मातहतका क्षेत्रका सबै रंगरुटहरुलाई भर्ती हुन पठाउँदथे । यसरी उनले ठूलो संख्यामा रंगरुट जवानहरु भर्ती गरी अंग्रेजको सहयोगको लागि भारत पठाएका थिए । यस बाहेक उनले गोरखा रजिमेन्ट वा बटालियनबाट भागेर घर आइ बसेका नेपाली जवानहरुलाई पनि पुरानै पल्टनमा फिर्ता पठाई दिए ।

यति धेरै संख्यामा नेपाली युवाहरुलाई युद्ध लड्नका लागि पठाउँदा उनीहरु म्लेच्छ मुलुक (समुद्र पारका देश) मा पनि जानुपर्ने हुन्थ्यो । यसरी जान कट्टर हिन्दु धर्म विपरित भए पनि चन्द्र शमशेरले उनीहरुलाई त्यस्ता मुलुकहरुमा युद्ध लड्न जान अनुमति दिए । तर युद्ध भूमिबाट स्वदेश फर्किए पछि भने उनीहरुले पतिया संस्कार गरी पुनः हिन्दु सामाजिक संस्कारमा प्रवेश गराउने नियम तर्जुमा गरे (शर्मा, बैद्य र मानन्धर, २०४९, पृ. २५०) । यसका निमित्त धर्माधिकारीले जारी गरेको सरकारी अड्डाबाट पतिया पूर्जी दिइने व्यवस्था भयो । प्रस्तुत लेखमा एक सय वर्ष अघिको चन्द्र शमशेर राणाको समयको लाहुरेको नाममा दिएको एक पतिया पूर्जीराखिएको छ ।



मिद्धोरक्षभूपेन्द्रप्रे्गितिंस्मृति सम्मतम् ॥
दुरितच्छेदनोपायं प्रायश्चित्तं समाचर ॥

प्रथम दिन मुराडन गरी माटो भस्म पञ्चगव्य लेपन गरी स्नान गर्नु
त्यसदिनैमा हविष्य ग्रास १५ खानु दोश्रा दीन ग्रास १२ खानु तेश्रा
दिन नमागी कसैले खा भनी दिया ग्रास २४ खानु चौथा दिन नीरा
हार गर्नु यस्तारीतले फेरा ३ गर्दा दिन १२ हुन्छ तेह्रौं दीनमा पञ्च
गव्य खाई ब्राह्मणालाई सिधा दक्षिणा दीनु तिमीहरु यो महाघोर लडा
इको काम परेका हुनाले आफ्ना सर्कारका अैनले लडाइका नीमित्त
मात्र समुद्रपार जान हुन्छ भन्ने भयाको हुनाले र हुकुमले लडाईमा
जादा पनी आफ्नो जात खादा पिना पनी कौनै कुरा तलमाथी न
पारी आफ्नो जात धर्म मजहब राखी आएका प्रतित पर्ने सबुद स्मेत
दाखिल गरेको हुनाले ... देह शुद्ध सम्वत् १९७३
साल ... गते २९ रोज ... शुभम्

स्रोत : तनहुँसुर चण्डेनीथोक वडा नं. ४ निवासी श्री नरध्वज थापाबाट प्राप्त ।

प्रस्तुत पूर्जी तनहुँसुर चण्डेनीथोक निवासी तत्कालीन ब्रिटिश भारतीय सेनाका सिपाई सन्तबीर थापा मगरलाई दिइएको हो । पूर्जीमा पतियाबारे यसरी उल्लेख गरेको छ :- प्रथम दिन मुण्डन गरी माटो भस्म र पञ्चगव्य (गहुत, गोवर, दुध, दही र घ्यू) लेपन गरी स्नान गर्नु, त्यसैदिन शुद्ध खाना १५ ग्रास खानु । दोस्रो दिन १२ ग्रास खानु, तेश्रो दिन नमागी कसैले खा भनी दिएमा २४ ग्रास खानु, चौथो दिन निराहार गर्नु, यस्तै रितले तीन पटक गरेपछि १२ दिन हुन्छ । तेह्रौं दिनमा पञ्चगव्य खाई ब्राह्मणलाई सिधा दक्षिणा दिनु । तिमीहरु त्यस महायुद्धमा लडाईको काम परेको हुनाले र आफ्ना सरकारको ऐनले लडाइका लागि मात्र समुद्र पार जान हुन्छ भन्ने भएकोले सोही अनुसारको हुकुमले लडाईमा जाँदा पनि खाँदा पिउँदा आफ्नो जात तल माथि नपारी आफ्नो जात धर्मलाई कायम राखी आएको प्रतित हुने गरी सबुद समेत दाखिल गरेकोले देह शुद्ध भएको छ ।

यो पूर्जी तत्कालीन राजगुरु धर्माधिकारी श्री तर्कराज पण्डितले सम्वत १९७३ साल जेष्ठ २९ गते जारी गरेका हुन् । तत्कालीन समयमा राजगुरुलाई धर्माधिकार भनेर चिनिन्थ्यो । धर्माधिकारको पद समाजमा माथिल्लो स्थानमा थियो । धर्माधिकारलाई नेपालमा नैतिक, सामाजिक र धार्मिक पक्षको सर्वमान्य व्यक्तित्व मानिन्थ्यो (Thapa, Dec. 1981, pp. 15-26)।

यसरी गरिने पतिया परम्पराले नेपाली समाजमा जरा गाडेको थियो । मुलुकमा प्रजातान्त्रिक व्यवस्था आइसक्दा पनि पतिया परम्परा जस्ता सामाजिक व्यवस्थाहरु हट्न सकेको थिएन । पञ्चायती व्यवस्था शुरु भएपछि ल्याइएको वि.सं. २०२० सालको नयाँ मुलुकी ऐनमा यस सम्बन्धी कुनै बुँदा नराखिएको हुँदा कानुनी रुपमा पतिया परम्परा हटेर गएको देखिन्छ तर व्यवहारिक रुपमा भने समाजमा यस्ता खालको प्रचलन निकै पछि सम्म पनि रहेको पाइन्छ ।

## उपसंहार

नेपाल-अंग्रेज युद्धमा नेपाली सेनाले देखाएको अदम्य साहस र बहादुरीबाट प्रभावित भएर अंग्रेजले उनीहरुलाई भारत स्थित ब्रिटिश सेनामा भर्ती गर्न थाले । युद्धको समाप्ती पछि पनि नेपाल र अंग्रेज बीचको सम्बन्ध राम्रो रहेन । दुई देश बीच सम्बन्धमा तिक्तता राणा शासन सुरु हुन अघिसम्म यथावत नै रह्यो । नेपाल सरकारले आफ्नो सैन्य जवानहरुलाई विदेशी पल्टनमा भर्ती हुन रोक लगाए पनि गोरखाली जवानहरु भारत स्थित ब्रिटिश पल्टनमा भर्ती हुने क्रम रोकिएन । राणा प्रधानमन्त्रीहरुले आफ्नो सत्ता र शक्ति मजबुत पार्न र शासन सत्ता टिकाई राख्न अंग्रेजसँग दरिलो मित्रता बनाए र नेपाली सैन्य जवानहरुलाई ब्रिटिश सेनामा भर्ती हुन जान अनुमति दिए । प्रथम विश्वयुद्धको समयमा चन्द्र शमशेरले युद्धमा अंग्रेजलाई सहयोग गर्न आफ्ना तालिम प्राप्त सैन्य जवानहरु मात्र पठाएनन्, अधिराज्य भरिबाट नयाँ रंगरुट पनि पठाए । पुरानो नीति अनुसार समुद्र पार युरोपतिर जाँदा क्रिश्चियनहरुसँग छोइछिटो हुने र जात जान्छ भन्ने प्रचलित परम्परालाई तोडेर चन्द्र शमशेरले युद्ध लड्नका लागि नेपाली जवानहरुलाई समुद्रपार यूरोपियन मुलुकहरुमा जाने अनुमति दिए । बरु यसरी गएका लाहुरेलाई पतिया वा प्रायश्चित गरी शुद्ध हुन पतिया पूर्जी दिने व्यवस्था गरे । प्रचलित सामाजिक मूल्य र मान्यता भन्दा विपरित गएर पनि चन्द्र शमशेरले नेपाली जवानहरुलाई युद्धको लागि पठाएर अंग्रेजलाई खुशी बनाउन सफल भए । कट्टर हिन्दु राष्ट्र नेपालमा पतिया परम्परा त पहिलेदेखि नै प्रचलित थियो, चन्द्र शमशेरले त विदेशबाट आएका लाहुरेलाई शुद्ध हुन उसकै नाममा पतिया पूर्जी दिने प्रचलन ल्याएका हुन् ।

## सन्दर्भ ग्रन्थ सूची


खत्री,प्रेम कुमार र दाहाल,पेशल (वि.सं.२०५३), *आधुनिक नेपालको सामाजिक इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

Thapa, Krishna Bahadur (December, 1981). Socio-economic Policy of the Late Rana Prime Minister, *Voice of History*, Vol. VII, No. 1, pp. 15-26.

दीक्षित, कमल (वि.सं. २०४७), *जंग बहादुरको बेलायत यात्रा,* काठमाडौं : साझा प्रकाशन ।

नेपाली, चित्तरञ्जन (वि.सं. २०२१), नेपाल र ब्रिटिश गोर्खा राइफल्स, *रुपरेखा,* वर्ष ५, पूर्णाङ्क ४०, भाद्र, पृ. ९-१६ ।

पन्त, दिनेशराज (वि.सं. २०२२), 'लाहोरमा नेपाली वीरहरु', *पूर्णिमा,* पूर्णाङ्क ५, पृ. ६३-७० ।

पराजुली,कृष्ण प्रसाद (सम्पा.) (वि.सं. २०७२), *नेपाली बृहत शब्दकोष* (नवौं संस्करण), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, भिम बहादुर (वि.सं. २०६१), *त्यस बखतको नेपाल* (पहिलो भाग), काठमाडौं : एशियन तथा नेपाल अनुसन्धान केन्द ।

शर्मा, बालचन्द्र (वि.सं. २००८), *नेपालको ऐतिहासिकरुपरेखा,*वाराणसी : कृष्णकुमारीदेवी ।

शर्मा, शिव प्रसाद, बैद्य,तुलसीराम, मानन्धर, त्रिरत्न (वि.सं. २०४९), *नेपालको सैनिक इतिहास,* काठमाडौं : शाही नेपाली जंगी अड्डा ।

श्री ५ को सरकार तथा न्याय मन्त्रालय (वि.सं. २०२२), *सुरेन्द्र विक्रम शाह देवका शासनकालमा बनेको मुलुकी ऐन,* काठमाडौं : कानुन किताब व्यस्था समिति, सिंहदरबार ।

Ramakant (1968 A.D.). *Indo-Nepalese Relations*. Delhi: S Chandra and Company.

Rana, Pudma Jung (1980 A.D.). *Life of Maharaja Sir Jung Bahadur*. Kathmandu: Ratna Pustak Bhandar.

Landan, Percival (2001). *History of Nepal (Vol. 2)*. Delhi: Adarsh Enterprises.